ISSUE 1

# NON-RESIDENT NEPALI ASSOCIATION

# गैरआवासीय नेपाली संघ

**Newsletter** ####################################################################################समाचार#

October-December 2009

असोज–मंसीर २०६६

यस अंकमाः


- चौथो गैरआवासीय नेपाली विश्व सम्मेलन पूर्व विभन्न कायक्रमको आयोजना
- गैरआवासीय नेपाली दिवसको उपलक्ष्यमा विभिन्न कार्यक्रमहरु आयोजित
- चौथो विश्व सम्मेलनमा भाग लिन आउनु भएका गैरआवासीय नेपाली संघका पदाधिकारीहरुको राजनैतिक दलका शिर्षस्थ नेताहरुसंग भेटघाट
- चौथो गैरआवासीय नेपाली विश्व सम्मेलन सफलताका साथ सम्पन्न
- गैरआवासीय नेपाली संघको साधारण सभा
- नवनिर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषदको वैठक
- एनसिसि रसीयाको सक्रियतामा रक्तदान कार्यक्रम आयोजना
- सर्लाहीको सिसौटीयामा स्वास्थ्य शिविर
- अध्यक्ष देवमान हिराचनको संक्षिप्त परिचय
- नेपाल पर्यटन बोर्डद्वारा पर्यटन प्रवर्द्धनमा एनआरएन सम्बन्धि अन्तरकृया कार्यक्रम
- संघका नवनिर्वाचित पदाधिकारीहरुको विभन्न राजनैतिक दलका नेताहरुसंग भेटघाट
- संघका अध्यक्ष देवमान हिराचनको नेतृत्वमा प्रधानमन्त्री, संविधान सभाध्यक्षका साथै अन्य विशिष्ट व्यक्तिहरुसंग शिष्टाचार भेट
- गैरआवासीय नेपाली संघको "Summiteers Summit" मार्चमा सहभागीता
- विभिन्न राष्ट्रिय समन्वय परिषदद्वारा आयोजित कार्यक्रम
- अन्तर्राष्ट्रिय समन्वय परिषदको टेली वैठक सम्पन्न


## चौथो गैरआवासीय नेपाली विश्व सम्मेलन पूर्व विभन्न कायक्रमको आयोजना

सन् २००९ चौथो गैरआवासीय नेपाली विश्व सम्मेलन अगाडी विभिन्न कार्यक्रमहरु आयोजना भएका थिए। अक्टोवर १० का दिन काठमाडौमा चौथो गैरआवासीय नेपाली विश्व सम्मेलनका लागि जम्मा भएका संघका पदाधिकारी एवं सहभागीहरु किर्तिपुर स्थित टुहुरा कल्याण संघको वार्षिक कार्यक्रमा सहभागी भएका थिए। स्मरण रहोस टुहुरा कल्याण संघ दोहा कतारमा व्यवसाय गरी बस्ने गैरआवासीय नेपाली संघका सल्लाहकार डा. देवकाजी डंगोलको सकृयातामा संचालन हुँदै आएको छ।

त्यस्तै त्यसै दिन सम्मेलनमा सहभागी हुन आएका ब्यक्तिहरुले प्रसिद्ध गायिका आनी छोइङ्ग डोल्माद्वारा काठमाडौंको फर्पिङ्गमा संचालित आर्यतारा स्कुलको अवलोकन भ्रमण गर्नु भएको थियो । यस स्कुलमा थाङ्का पेन्टिङ्ग प्रशिक्षणका लागि हल निर्माणमा केही गैरआवासीय नेपालीहरुले सहयोग गर्नु भएको थियो ।

यसै दिन लक्जेमवर्ग निवासी रमेश तोयानाद्वारा निर्मित चलचित्र “एक फेर हासिदेउ” को प्रथम प्रदर्शन (Premier) पनि आयोजना गरिएको थियो। नेपालको हालको सामाजिक यर्थाथता झल्काउने यस चलचित्रमा नेपालका प्रसिद्ध हास्य कलाकार द्वय मदनकृष्ण श्रेष्ठ एवं हरिवंश आचार्यको मुख्य अभिनय रहेको छ।

## गैरआवासीय नेपाली दिवसको उपलक्ष्यमा विभिन्न कार्यक्रमहरु आयोजित

सधै झै यो वर्ष पनि अक्टोवर ११ का दिन गैरआवासीय नेपाली दिवस मनाइयो। यस दिवसका उपलक्ष्यमा विभिन्न कार्यक्रमहरु आयोजन भएका थिए। विहान स्वयंभू तथा पशुपतिमा पूजा आजाका साथ सुरु भएको यस दिवसका अवसरमा संघका अध्यक्ष डा. उपेन्द्र महतोले ४ वर्ष अघि पशुपति परिसरमा निर्मित कृयापुत्री भवन बाट प्रेरित भई नयाँ कृयापुत्री भवन निर्माण र हाल संचालनमा रहेको पुरानो भवनको मरम्मत संभारका लागि आर्थिक सहयोग दिने घोषण गर्नु भएको थियो।

डा. उपेन्द्र महतोको परिवारको सहयोगमा करिव १.२५ करोडको लागतमा फूलकुमारी महतो कृयापुत्री भवन निर्माण भएको हो र अब हुने पुनर्निर्माण र मरम्मत संभारका कार्यहरुमा रु. ३ करोड भन्दा बढी लागत लाग्ने अनुमान छ।



दिवसकै अवसरमा नेपाल पर्यटन बोर्डको प्रागंणमा प्रथम सगरमाथा आरोहीहरु तेन्जिङ्ग नोर्गे शेर्पा र एडमण्ड हिलारीको पूर्ण कदको र नेपालको पर्यटन विकासमा ठूलो योगदान गर्ने रुसी नागरिक बोरिस लिसानेभिचको अर्ध कदको प्रतिमा अनावरण गरियो।

सोही दिन ग्लोवल नेपाली मिडिया समूह र नेपाल पत्रकार महासंघसंगको संयुक्त आयोजनामा एक कार्यशाला गोष्ठीको आयोजना समेत भएको थियो। यसैक्रममा मधुरीमा नेपालले स्व. फूलकुमारी महतोको सम्मानमा एक साँस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो। साथै नेपाल जर्मन उद्योग वाणिज्य संघ एवं जर्मन नेपाल मैत्री समाजले सम्मेलनमा भाग लिन आउनु भएका गैरआवासीय नेपालीहरुको सम्मानमा एक रात्री भोजको आयोजना गरेका थिए। यि सबै कार्यक्रमहरुमा ठूलो संख्यामा गैरआवासीय नेपालीहरुको सहभागिता रहयो।



## चौथो विश्व सम्मेलनमा भाग लिन आउनु भएका गैरआवासीय नेपाली संघका पदाधिकारीहरुको राजनैतिक दलका शिर्षस्थ नेताहरुसंग भेटघाट

गैरआवासीय नेपाली विश्व सम्मेलन अगाडी गैरआवासीय नेपाली संघका अध्यक्ष तथा पदाधिकारीहरुले विभिन्न राजनैतिक दलका नेताहरुसंग शिष्टाचार भेट गर्नु भयो। भेटघाटका अवसरमा उहाँहरुले आसन्न चौथो गैरआवासीय नेपाली विश्व सम्मेलनका बारेमा जानकारी दिंदै दोहोरो नागरिकता, वैदेशिक रोजगारलाई मर्यादित बनाउने, गैरआवासीय नेपाली सम्बन्धी ऐनमा समसामयिक सुधार र नेपालको आर्थिक सामाजिक प्रगतिमा गैरआवासीय नेपालीहरुको भूमिका आदि कुराहरु बारे आफ्ना धारणा प्रष्ट पार्नु भएको थियो।

" मौसम परिवर्तनले हिमलाको हिउँ पग्लिने र तारईको चारकोसे झाडी समाप्त हुने देखिएकाले यसको संरणमा लगानी गर्न एनआरएनलाई अग्रह गर्दछु "

राष्ट्रपति डा. रामवरण यादव

नेपाली कांग्रेसका सभापति गिरिजा प्रसाद कोइराला, एकिकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल “प्रचण्ड” नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल, मधेशी जनाधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव, मधेशी जनाधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छेदार आदि नेताहरुसंगको भेटमा नेताहरुले गैरआवासीय नेपालीहरुले उठाउँदै आएका मुद्दाहरुलाई आफूले सकारात्मक रुपमा लिएको बताउदै आसन्न सम्मेलनको सफलताको कामना समेत गर्नु भएको थियो। त्यस्तै गैरआवासीय नेपाली संघका अध्यक्ष डा. उपेन्द्र महतोको नेतृत्वको टोलीले संविधान सभाका अध्यक्ष सुवास नेम्वाङ्गसंग सिष्टाचार भेट गरी समयमा नै संविधान निर्माणको प्रकृया पुरा गर्न अनुरोध गरेको थियो। सभाध्यक्ष नेम्वाङ्गले गैरआवासीय नेपालीहरुको धारणा सम्पूर्ण संविधान सभा सम्म पुर्‍याई दिने आश्वासन दिनु भएको थियो।






यसै गरी अक्टोवर १२ तारिखका दिन गैरआवासीय नेपालीहरु अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजद्वारा आयोजना गरिएको साहित्य कार्यक्रम, बरुण डेभलपर्सले आयोजना गरेको चियापान कार्यक्रम, राष्ट्रिय समन्वय परिषद युएसले संचालन गरेको इन्जिनियरिङ सम्बन्धि सेमीनार, नेपाल म्याराथोन प्रा.लि ले आयोजना गरेको काठमाडौं म्याराथोनका विजेताहरुलाई पुरुस्कार वितरण र नेपाल उद्योग वाणिज्य महासंघले आयोजना गरेको चियापान र वेलायतमा बसोबास गर्ने नेपाली गायक पवित्रमान शाक्यको सांगितिक एल्बमको लोकापर्ण जस्ता कार्यक्रममा सहभागी भएका थिए।

## चौथो गैरआवासीय नेपाली विश्व सम्मेलन सफलताका साथ सम्पन्न



चौथो गैरआवासीय नेपाली विश्व सम्मेलन यही अक्टोवर १३ देखी १५ सम्म काठमाडौंमा भव्य रुपमा सम्पन्न भएको छ। यस पटकको सम्मेलनको मूल विषय **"शान्त र समृद्ध नेपाल–हाम्रो साझा सपना"** राखिएको थियो। नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनमा भएको सम्मेलनमा देश र देश बाहिरका प्रतिनिधरुको सहभागीता रहेको थियो। उद्घाटन सत्रको प्रमुख आतिथ्यता सम्माननीय राष्ट्रपति डा. रामवरण यादव बाट र समापन सत्रको प्रमुख आतिथ्यता सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपालबाट भएको सम्मेलनका विभिन्न सत्रहरुमा नेपाल सरकारका माननीय मन्त्रीहरु, राजनैतिक दलका शिर्ष नेताहरु, समाजका विविध क्षेत्रका विशिष्ट व्यक्तित्वहरुको सहभागिता रहेको थियो। सम्मेलनले गैरआवासीय नेपाली संघको नयाँ नेतृत्वको चयन गर्नुका साथै १९ बुँदे काठमाडौ घोषणा पत्र जारी गरेको छ। यस सम्मेलनमा ६५० भन्दा बढी गैरआवासीय नेपालीहरुका साथै १५० जना भन्दा बढि आवासीय नेपालीहरुको सहभागीता रहेको थियो । सम्मेलनको विविध जानकारी गैरआवासीय नेपाली संघको आधिकारीक वेभसाइट http://www.nrn.org.np मा राखिएको छ।

"मैले सुन्दर, शान्त र समृद्ध नेपालको सपना देखेको छु। नेपाललाई विदेशीले भन्दा विदेशमा बस्ने नेपालीले राम्ररी बुझेका छन्। उनीहरुको लगानी ल्याउन अनुकूल वातावरण निर्माणका लागि सरकार समक्ष आग्रह गर्दछु।"

डा. उपेन्द्र महतो, निवर्तमान अध्यक्ष,
गैरआवासीय नेपाली संघ



## गैरआवासीय नेपाली संघको साधारण सभा सम्पन्न

चौथो गैरआवासीय नेपाली विश्व सम्मेलन कै अवसरमा गैरआवासीय नेपाली संघको साधारण सभा सम्पन्न भएको छ। साधारण सभाले महासचिव र कोषाध्यक्षको प्रतिवेदन अनुमोदन गर्नुका साथै संघको विधानमा सामान्य हेरफेर गरेको छ। सम्मेलनमा भएको निर्वाचनमा संघको अध्यक्षमा जापान निवासी श्री देवमान हिराचन सर्वसम्मतले निर्वाचित हुनु भएको छ। त्यस्तै उपाध्यक्षहरुमा रुस निवासी श्री जीवनाथ लामिछाने र कतार निवासी श्री सागर नेपाल चयन हुनु भएको छ ।



त्यस्तै महासचिवमा संयुक्त राज्य अमेरीका निवासी श्री रतन झा, सचिवमा कोरीया निवासी श्री तेन्जी शेर्पा र कोषाध्यक्षमा युएइ निवासी श्री रामेश्वर शाहलाई निर्वाचित गरेको छ। त्यसैगरी क्षेत्रीय संयोजकहरुमा अमेरिका, एशिया प्रशान्त, युरोप, मध्यपूर्व र अफ्रिका क्षेत्रबाट क्रमसः डा. अम्बिका प्रसाद अधिकारी, श्री गणेशकुमार इजाम, क्यापटेन हितमान गुरुङ्ग, श्री बद्री प्रसाद पाण्डे, श्री गोवा कटुवाल, र श्रीमती रंजना उदास निर्वाचित हुनु भएको छ। त्यस्तै उपसंयोजकहरुमा क्रमश डा. द्रोण प्रकाश रसाली, श्री रुद्र शर्मा, श्री रविन्द्रमान श्रेष्ठ, श्री मोहमदद्दिन मियाँ (राजु सैयद), श्री त्रिभूवन श्रेष्ठ, र श्री विदुर घिमिरे, निर्वाचित हुनु भएको छ।

निर्वाचनको औपचारिक प्रकृया गैरआवासीय नेपाली संघका सल्लाहकार एवं नेपाल बार एशोसियसनका अध्यक्ष श्री विश्वकान्त मैनालीको अध्यक्षतामा गठित आयोगले सम्पन्न गराएको थियो भने निर्वाचन पश्चात निर्वाचन आयोगका अध्यक्षले नव निर्वाचित अध्यक्ष एवं अन्य पदाधिकारीहरुलाई शपथ खुवाउनु भएको थियो।

## नवनिर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषदको वैठक

महाधिवेशनबाट सम्पन्न निर्वाचन परिणामको घोषणा पश्चात नवनिर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठक बस्यो। बैठकले विश्व सम्मेलनको सफलता पूर्वक आयोजना गरेकोमा निवर्तमान अध्यक्ष डा. उपेन्द्र महतो प्रति आभार व्यक्त गर्नुका साथै निर्वाचन सहज र सफल रुपमा सम्पन्न गरेकोमा निर्वाचन आयोगका अध्यक्ष लगायत सदस्यहरुलाई धन्यवाद दिएको थियो।

वैठकले संघको प्रवक्तामा जापान निवासी डा. कुमार बस्नेतको चयन गर्‍यो । साथै वैठकले संघलाई वर्तमान स्थितिसम्म ल्याउने संस्थापक अध्यक्ष डा. महतोलाई पारित विधान अनुसार संरक्षक परिषदको प्रमुखको पद स्विकार गरिदिन आग्रह गर्ने सर्वसम्मत निर्णय गरेको छ।

त्यस्तै वैठकले महिला संयोजकमा जर्मनीकी श्रीमती उषा शर्मा र उप संयोजकमा अष्ट्रेलियाकी श्रीमती रंजु थापालाई मनोनयन गरेको छ। वैठकले चाँडै नै अर्को वैठक गरी काठमाडौं घोषणा पत्र २००९ मा उल्लेखित कार्यहरु अघि बढाउन संघको कार्यक्रम तय गर्ने निर्णय समेत गरेको छ।





> **" हामी सबै मिलेमा हाम्रो मातृभूमीलाई सम्पन्न बनाउन केही कठिन छैन् "**
>
> **देवमान हिराचन, अध्यक्ष, गैरआवासीय नेपाली संघ**




## एनसिसि रसीयाको सक्रियतामा रक्तदान कार्यक्रम आयोजना

सम्मेलनकै अवसरमा रक्तदान कार्यक्रम आयोजना भएको थियो । अक्टोरवर १३ तारिखका दिन नेपाल आर्मी अफिसर्स कल्बमा र १४ तारिखका दिन सोल्टी होटेलमा भएको उक्त कार्यक्रममा १५१ जना सम्मेलनका सहभागीहरुले रक्तदान गरेका थिए ।

एनसिसि रसीयाको सक्रियता एवं आर्थिक सहयोगमा भएको उक्त रक्तदान कार्यक्रमको व्वस्थापन नेपाल रेडक्रस सोसाइटी काठमाडौ शाखाले गरेको थियो ।

## सर्लाहीको सिसौटीयामा स्वास्थ्य शिविर

चौथो गैरआवासीय नेपाली विश्व सम्मेलनकै अवसर पारेर सर्लाहीको सिसौटीयामा एक निशुल्क स्वास्थ्य सिविरको आयोजना गरियो । आर्थिक रुपमा विपन्न र सामाजिक रुपमा पछाडी परेका समूदायलाई लक्षित गरेर गरिएको उक्त स्वास्थ्य शिविरमा करीव ६०० व्यक्तिहरुले सेवा लिएका थिए ।

स्वास्थ्य शिविरको संयोजन संघका महासचिव रतन झा, डा. विजय झा र डा. रवीन्द्र प्रसाद साहले गर्नु भएको थियो । स्वास्थ्य शिविरका लागी श्रोत गैरआवासीय नेपालीहरुको सहयोगमा सिमरा समाज कल्याण फाउण्डेसनले उपलव्ध गराएको थियो ।



## अध्यक्ष देवमान हिराचनको संक्षिप्त परिचय

नेपालको दुर्गम हिमाली जिल्ला मुस्ताङको मार्फा गाउँमा सन् १९५३ मा जन्मनु भएका देवमान हिराचन हाल जापानको ओसाका शहरमा व्यवसाय गरी बस्दै आउनु भएको छ । उहाँले आइएस्सी सम्मको शिक्षा नेपालबाट र रेडियोलोजिमा स्नातक तहको शिक्षा जापानबाट पुरा गर्नु भएको हो । ३८ वर्ष अघि उच्च शिक्षाकालागि जापान पुग्नु भएका हिराचनले अध्ययन पुरा गरे पछि जापानको एक अस्पतालमा १० वर्ष सम्म सेवा गर्नु भयो र त्यस पश्चात आफ्नै व्यवसाय सुरु गर्नु भएको हो । उहाँको ट्राभेल एजेन्सी, जेम्स (वहुमूल्य पत्थर), सूचना प्रविधि लगायतका व्यवसायमा जापान र नेपालमा लगानी रहेको छ ।

एक छोरी र एक छोराका बाबु देवमान हिराचन गैरआवासीय नेपाली अभियानको सुरुबाट नै यस अभियानमा सक्रिय रहँदै आउनु भएको छ । संघको पहिलो अन्तर्राष्ट्रिय समन्वय परिषदमा कोषाध्यक्ष निर्वाचित हुनु भएका हिराचन विगतको दुई कार्यकाल उपाध्यक्षका रुपमा कार्यरत हुनुहुन्थ्यो । सन् २००९ अक्टोवरमा भएको चैथो विश्व सम्मेलनमा सर्वसम्मतीले अध्यक्षमा निर्वाचित हिराचनले नेपालको काभ्रे, गोरखा, भक्तपुर, सिन्धुपालचोक, नुवाकोट जिल्लाहरुमा प्राथमिक विद्यालयको निर्माणमा सहयोग गर्नुका साथै कास्की र गोरखा लगायत विभिन्न जिल्लाका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यमा संलग्न रहँदै आउनु भएको छ । विभिन्न पेशागत अन्तर्राष्ट्रिय संस्थामा संलग्न हिराचनले जापानमा राष्ट्रिय स्तरको विभिन्न पुरुस्कार हासिल गर्नु भएको छ ।








## नेपाल पर्यटन बोर्डद्वारा पर्यटन प्रवर्द्धनमा एनआरएन सम्बन्धि अन्तरकृया कार्यक्रम सम्पन्न

विश्व सम्मेलन पश्चात असोज ३० गते नेपाल पर्यटन बोर्डले संघको अन्तर्राष्ट्रिय समन्वय परिषदका नवनिर्वाचित पदाधिकारीहरुसंग पर्यटन विकास सम्बन्धि विषयमा एक अन्तरकृया कार्यक्रमको आयोजना गरेको थियो। माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री शरतसिंह भण्डारीको प्रमुख आतिथ्यमा भएको अन्तरकृयामा विशेषत नेपाल भ्रमण वर्ष २०११ सफल पार्न गैरआवासीय नेपालीहरुले खेल्न सक्ने भूमिकाको बारेमा वृहद छलफल भयो। छलफलमा संघको तर्फबाट बोल्नु हुदै अध्यक्ष देवमान हिराचनले भ्रमण वर्ष सफल पार्नकालागि सक्दो कार्य गर्ने आश्वासन दिनु भयो। अन्तरकृयामा पर्यटन मन्त्री माननीय श्री शरतसिंह भण्डारी, संघका निवर्तमान अध्यक्ष डा. उपेन्द्र महतो, पर्यटन सचिव, पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत र संघका सचिव तेन्जी शेर्पा लगायतले बोल्नु भएको थियो।

त्यसै गरी असोज ३० का दिन सम्मानिनीय प्रधानमन्त्री माधवकुमार नेपालले वालुवाटारमा आयोजना गर्नु भएको चियापान कार्यक्रममा ठूलो संख्यामा गैरआवासीय नेपालीहरुको सहभागीता रहेको थियो । यसै सिलसिलामा असोज ३१ गते गैरआवासीय नेपालीसंघका प्रतिनिधिहरु निवर्तमान अध्यक्ष डा. उपेन्द्र महतोको सहयोगमा कालो पत्रे गरीएको महतो मार्गको उद्घाटन लगायत अन्य विविध कार्यक्रमहरुमा सहभागि भएका थिए।



## संघका नवनिर्वाचित पदाधिकारीहरुको विभिन्न राजनैतिक दलका नेताहरुसंग भेटघाट

गैरआवासीय नेपाली संघका अध्यक्ष श्री देवमान हिराचनको नेतृत्वको टोलीले एकिकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल, नेपाली कांग्रेसका कार्यवाहक सभापति सुशिल कोइराला, उपसभापति रामचन्द्र पौडेल आदि नेताहरुसंग सिष्टाचार भेट गरी संघले उठाउँदै आएको कुराहरुमा दलहरुबाट सहयोगको अपेक्षा राख्नु भएको छ। उक्त भेटघाटहरुमा नेताहरुले नवनिर्वाचित अध्यक्ष एवं पदाधिकारीहरुलाई बधाई दिदै उहाँहरुको कार्यकालको पूर्ण सफलताको कामना गर्नु भएको थियो। साथै उहाँहरुले संघका कार्यहरुमा आफ्नो समर्थन रहने कुरा जनाउनु भएको थियो।

## संघका अध्यक्ष देवमान हिराचनको नेतृत्वमा प्रधानमन्त्री, संविधान सभाध्यक्षका साथै अन्य विशिष्ट व्यक्तिहरुसंग शिष्टाचार भेट

त्यस्तै अध्यक्ष हिराचनको नेतृत्वको एक प्रतिनिधि मण्डलले सम्मानिनीय प्रधानमन्त्री माधवकुमार नेपाल, संविधान सभाका अध्यक्ष सुवास नेम्वाङ्ग, माननीय उपप्रधान तथा परराष्ट्रमन्त्री सुजाता कोइराला, माननीय गृहमन्त्री भिम रावल, माननीय कानुनमन्त्री प्रेम बहाहदुर सिंह संग वेग्ला वेग्लै सिष्टाचार भेट गरेको छ। भेटघाटका अवसरमा अध्यक्ष हिराचनले चौथो गैरआवासीय नेपाली विश्व सम्मेलनका बारेमा जानकारी दिदैं घोषणा पत्रमा उल्लेखित बुँदाहरुको कार्यान्वयनमा सहयोगको लागि अनुरोध गर्नु भएको थियो।

भेटघाटका अवसरमा प्रधानमन्त्री तथा मन्त्रीहरुले नयाँ नेतृत्वलाई बधाई दिदै आफ्नो पूर्ण सहयोगको आश्वासन दिनु भएको थियो। त्यसै गरी सभामुखसंगको भेटमा संविधान निर्माण र गैरआवासीय नेपालीहरु सम्बन्धमा ऐनमा हुनु पर्ने सुधारका बारेमा केन्द्रित थियो। भेटका समयमा संविधान



निर्माण गरि वाह्य विश्वमा सकारात्मक संदेश प्रवाह गर्नु पर्ने कुरामा मतैक्यता रह्यो। भेटघाटमा नेपालको आर्थिक, सामाजिक विकासमा अझ दृढ भएर लाग्न गैरआवासीय नेपालीहरुलाई अनुरोध गरिएको थियो।

### गैरआवासीय नेपाली संघको "Summiteers Summit" मार्चमा सहभागीता

११ डिसेम्वर २००९ का दिन गैरआवासीय नेपाली संघका उपाध्यक्ष जीवनाथ लामिछानेको नेतृत्वमा गैर आवासीय नेपालीहरुको एक टोली डेनमार्कको कोपनहेगनमा विश्व जलवायु परिवर्तन सम्मेलनको अवसरमा आयोजित सगरमाथा आरोहीहरुको ऱ्यालीमा सहभागी भएको छ। हिमालयको संरक्षणमा विश्वको चासो वृद्धि गर्ने उदेश्यले आयोजित यस ऱ्यालीमा नेपाल र अन्य मुलुकका सगरमाथा आरोहण गर्ने आरोहीहरुको उल्लेख्य सहभागीता थियो ।




नेपाल सरकारको आयोजनामा भएको उक्त कार्यक्रममा गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरु बद्री के.सी (रुस), अर्जुन श्रेष्ठ (वेल्जियम), राजन कडेल (युके), राम बहादुर भण्डारी(इटाली), गणेश ढकाल (डेनमार्क) को सहभागीता थियो । यसै गरी राष्ट्रिय समन्वय परिषदका अध्यक्षहरु पि.जी शेर्पा (वेल्जियम), ज्योती खरेल (फिनल्याण्ड), सोमनाथ सापकोटा (डेनमार्क) लगायत डेनमार्क एनसिसि सदस्यहरु एवं अन्य अतिथिहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

गैर सरकारी स्तरबाट आयोजित यस ऱ्यालीका लागी गैर आवासीय नेपालीहरुबाट संकलित युएस डलर सात हजार समेत उक्त अवसरमा टोली नेता जीवनाथ लामीछानेले माननीय पर्यटनमन्त्री दिपक बोहरालाई हस्तान्तरण गर्नु भएको थियो । नेपाल सरकारका ५ जाना मन्त्री सहभागी उक्त ऱ्यालीमा इसिमोडका डाइरेक्टर जनरल लगायत धेरै बरिष्ठ व्यक्तित्वहरुको सहभागीता थियो । उक्त ऱ्यालीमा "आरोहीहरुको शिर्षस्थ सम्मेलनको हिमाल बचाउ" घोषणा पत्र जारी गरीएको थियो ।

## राष्ट्रिय समन्वय परिषदद्वारा आयोजित कार्यक्रम

### नेपाली खेलाडी सचित प्रधानको स्वागत



एनआरएन युएइले फस्ट बडीबिल्डिंग च्याम्पियनशीप वल्डकपमा भाग लिन आएका नेपाली खेलाडी सचित प्रधानको स्वागतमा एक कार्यक्रमको आयोजना गऱ्यो । समारोहमा खेलाडी प्रधानको सफलताको कामना गरिएको थियो । त्यस्तै गरी एनआरएन गत ३० अक्टोबर २००९ मा दुबई नगरपालिका द्वारा आयोजित क्लिन अप दि वल्ड कार्यक्रममा गैरआवासीय नेपाली संघ युएइका अध्यक्ष सहितको टोलिले सफाई कार्यक्रममा सहभागि भयो। त्यस्तै युएइ भ्रमण गरिरहेका नेपाली गायक मञ्जुलको सम्मानमा समेत कार्यक्रम आयोजना भएको थियो ।

### गैरआवासीय नेपाली संघ कतारको वैठक सम्पन्न

नोभेम्बर ६ मा एनआरएनए–आईसीसीका उपाध्यक्ष सागर नेपाल र सदस्य तथा कतार प्रतिनिधि प्रज्ञान उदासको उपस्थितिमा बसेको उक्त बैठकको अध्यक्षता एनसीसी कतारका द्वितीय उपाध्यक्ष छत्रबहादुर घले मगरले गर्नु भएको थियो।

वैठकमा आफ्नो कार्यकाल सफलतापुर्वक सम्पन्न गर्नु भएकोमा निवर्तमान कार्यसमिति र सम्मेलनको आयोजक समितिलाई धन्यवाद ज्ञापन गर्ने प्रस्ताव पारित गरिएको छ। त्यसै गरि नयाँ कार्यसमितिका अध्यक्ष लगायत सम्पुर्ण पदाधिकारी तथा सदस्यहरुलाई बधाई ज्ञापन गर्दै एनआरएन अभियानमा वहाँहरुको कार्यकाल अत्यन्त सफल रहोस भन्ने शुभकामना व्यक्त गर्ने प्रस्ताव पनि पारित गरिएको छ।

## रुसमा गैरआवासीय नेपाली संघका नवनिर्वाचित पदाधिकारीको स्वागत तथा शुभकामना कार्यक्रम

नोभेम्वर ७ मा हालै नेपालमा सम्पन्न चौथो गैरआवासीय नेपाली विश्व सम्मेलनद्वारा अन्तर्राष्ट्रिय समन्वय परिषदका आगामी २ वर्षका लागि रुसबाट श्री जीवा लामिछाने उपाध्यक्ष पदमा निर्वाचित हुनु भएको तथा राष्ट्रिय समन्वय परिषद रुसका महासचिव डा. बद्री केसी रसियाबाट आइसिसि सदस्यमा निर्वाचित हुनु भएको सन्दर्भमा उहाहरुको सम्मानमा राष्ट्रिय समन्वय परिषद रुसले एक कार्यक्रमको आयोजना गरेको थियो। उक्त समारोहमा शुभकामना सहित नयाँ अन्तर्राष्ट्रिय समन्वयपरिषदको काममा पूर्ण सहयोग गर्ने धारणा राखिएको थियो। समारोहमा संघलाई यो अवस्था सम्म ल्याउनमा निर्णायक भूमिका खेल्ने संघका संस्थापक अध्यक्ष डा. महतोको सम्मान गरिएको थयो।




## गैरआवासीय नेपाली संघ पोर्चुगलको प्रतिनिधि मण्डलले नेपालका विभिन्न राजनेताहरुसंग भेट#

#

नोभेम्वर ७ मा गैरआवासिय नेपाली संघ, पोर्चुगलका अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्य मकर ह्मालको नेतृत्वमा गैरआवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद पोर्चुगलका अध्यक्ष लक्ष्मी प्रसाद सापकोटा, सचिव खेमराज राना‍भाट लगायत अन्य सदश्यहरु सम्मिलित प्रतिनिधिमण्डलले पोर्चुगलमा नेपालको बैतनिक कन्सुलरको स्थापना लगायत पोर्चुगलवासी नेपालीहरुका बिबिध समस्याहरु तथा मागका बारेमा विभिन्न व्यक्तित्वसंग भेटी छलफल गरेको थियो ।

प्रतिनिधि मण्डलले सम्माननीय राष्ट्रपती डा. रामबरण यादब, सम्माननीय प्रधानमन्त्री माधब कुमार नेपाल, माननीय उप-प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री सुजाता कोइराला, पुर्व प्रधानमन्त्री शेर बहादुर देउवा, पुर्व उप-प्रधानमन्त्री रामचन्द्र पौडेल, नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल, एनेकपा माओबादीका उपाध्यक्ष नारायण काजि श्रेष्ठ, नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशी तथा नेपालका लागि पोर्चुगलका अवैतनिक कन्सुलर राजेन्द्र खेतानसंग काठमाण्डौमा छुट्टाछुट्टै भेटघाट गरी ज्ञापनपत्र तथा माग प्रस्तुत गरेको थियो ।

उहाँहरुले मूलत पोर्चुगलमा नेपालको कुटनैतिक प्रतिनिधि हुनु पर्ने र त्यहाँ बसेका नेपालीहरुको सहयोगका लागि नेपाल सरकारसंग पहल गर्नु पर्ने जस्ता धारणा राख्नु भएको थियो ।



## युएइमा अन्तरक्रिया

गैरआवासीय नेपाली संघ यूएईले नेपालमा गैरआवासीय नेपालीहरुको सामूहिक लगानीका विषयमा १४ नोभेम्वर २००९ का दिन यूएईको दुवईमा राष्ट्रिय समन्वय परिषद युएइका अध्यक्ष श्री चुडामणी ढकालको सभापतित्वमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो। गैरआवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषदका संरक्षक श्री भीम उदासको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा गैरआवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषदका कोषाध्यक्ष श्री रामेश्वर शाह तथा निवर्तमान क्षेत्रीय संयोजक चन्द्र प्रसाद सापकोटाको विषेश उपश्थिति रहेको थियो।

अन्तरक्रियामा धैरै सहभागिहरुले गैरआवासीय नेपाली कै स्वामित्वको बैंक वा सहकारी संस्था स्थापना गरी विदेशबाट पठाइने विप्रेषण बारे छलफल गरेका थिए । संघका कोषाध्यक्ष श्री रामेश्वर शाहले नेपाली पूँजीको लगानी बारेमा प्रस्तुति गर्नु भएको थियो ।

संरक्षक भीम उदासले नेपालमा गैरआवासीय नेपालीहरुले अब आउने दिनमा आफूलाई उपयुक्त लाग्ने क्षेत्रहरुमा लगानी गर्नु पर्ने धारणा राख्नु भयो । कार्यक्रमको संचालन परिषदका महासचिव सुरेश बस्यालले गर्नु भएको थियो।

## अन्तर्राष्ट्रिय समन्वय परिषदमा नवनिर्वाचित पदाधिकारीहरुलाई स्वागत

नवनिर्वाचित अध्यक्ष देवमान हिराचन लगायत प्रवक्ता डा. कुमार बस्नेत, सदस्यद्वय अरुणकुमार श्रेष्ठ र किरणविक्रम थापालाई बधाई ज्ञापन तथा स्वागत सम्मान गर्न एनआरएन जापानले टोक्योमा एक समारोहको आयोजना गरेको छ । उक्त कार्यक्रममा जापानमा क्रियाशील बिभिन्न संघसंस्थाका प्रतिनिधिहरुले अध्यक्ष हिराचन लगायत प्रवक्ता डा. बस्नेत, आईसीसी सदस्यद्वय थापा र श्रेष्ठलाई बधाइ ज्ञापन गरेका थिए ।

समारोहमा एनआरएन अन्तरराष्ट्रिय समन्वय परिषदका निवर्तमान अध्यक्ष डा. उपेन्द्र महतोलाई एनआरएन अभियानमा पुर्याएको उल्लेखनिय योगदानको उच्च कदर गर्दै सम्मान पत्र प्रदान गर्ने घोषणासहित उक्त सम्मान पत्र पढेर सुनाईएको थियो । सम्मानित ब्यक्तित्व अध्यक्ष हिराचनले आफ़्नो मन्तब्यको क्रममा परिवर्तित सन्दर्भमा एनआरएन अभियानलाई सही गति प्रदान गर्न आफुमाथि आएको जिम्मेवारी र चुनौतीलाई इमान्दारिताकासाथ पूरा गर्ने प्रतिबद्धता जाहेर गर्नु भयो ।

प्रबक्ता डा. बस्नेतले देशको बिकासको लागि एनआरएनको भूमिका अपरिहार्य रहेको हुँदा एनआरएनए र नेपाल सरकारले सहकार्य गर्दै अगाडि बढ्न पर्ने कुरा बताउँनु भयो । सदस्यद्वय अरुणकुमार श्रेष्ठ र किरणविक्रम थापाले आफुहरुलाई सहयोग गर्ने सबैलाई धन्यबाद दिनु भएको थियो । यसैगरी समारोहका प्रमुख अतिथिकारुपमा उपस्थित जापानका लागि नेपाली राजदूत डा. गणेश योञ्जन तामाङले जापानस्थित फायर फाईटर्स कम्पनीको सहयोगमा एनआरएन जापानले नेपालका लागि उपलब्ध गराउन गईरहेको एम्बुलेन्सको साचो एनआरएन जापानका उपाध्यक्षसमेत रहेका एम्बुलेन्स प्रबन्ध समितिका संयोजक रोशन केसीलाई हस्तान्तरण गर्नु भएको थियो ।



यसअघि बिशेष अतिथिकारुपमा आमन्त्रित नेपालका लागि पूर्व जापानी राजदूत चुइची इटोले अध्यक्ष हिराचन लगायत नवनिर्वाचित पदाधिकारीहरु सबैमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल सफलताको कामना गर्नु भएको थियो । एनआरएन जापानका सदस्य भूषण घिमिरेको सञ्चालनमा भएको समारोहका सभापति एवम् एनआरएन जापानका अध्यक्ष भवन भट्टले कार्यक्रम सफल तुल्याउन सहयोग गर्ने सम्बन्धित सबैमा हार्दिक धन्यबाद ज्ञापन दिदैं समारोहको समापन गर्नु भएको थियो ।

## युकेमा नेपाली विद्यार्थिहरुका समस्या बारे छलफल कार्यक्रम

नेपालबाट उच्च शिक्षा हासिल गर्न युके आएका विद्यार्थिहरुले भोगी रहेका समस्याहरुका सन्दर्भमा एनसिसि युकेको आयोजनामा यहि २२ नोभेम्वरमा उलविच लण्डनमा वृहत अन्तरकृया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा विद्यार्थीहरु, सरोकारवाला व्यक्तिहरु, एन.आर.एन.का अन्तर्राष्ट्रिय कमिटिका सदस्यहरु, राष्ट्रिय कमिटिका सदस्यहरु तथा सल्लाहकारहरुको व्यापक उपस्थिती रहेको थियो । अंतरक्रियामा विद्यार्थीहरुले सम्बन्धित सरोकारवालाहरुसंग आ-आफ्नो समस्याहरुलाई स्पष्टसंग राखेका थिए ।



## हंगकंगमा गैरआवसीय नेपाली दिवस सम्पन्न

यसै गरी यही गएको नोभेम्बर २९ का दिन गैरआवासीय नेपाली दिवस मनाइयो। उक्त कार्यक्रममा गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचन, एसिया प्रसान्तका संयोजक श्री गणेश इजम लगायत अन्य विशिष्ट व्यक्तिहरुको सहभागीता रहेको थियो।

उक्त कार्यक्रममा सामाजिक, खेलकुद, शैक्षिक आदि क्षेत्रमा उल्लेख्य सफलता हासिल गर्ने हंगकंगमा बसोबासरत विभिन्न महानुभावहरुलाई सम्मान गरिएको थियो।

साथै समारोहमा हंगकंगका नेपालीहरुलाई संघ, यसको उद्देश्य यस्ता कृया कलाप बारे जानकारी दिइएको थियो। यस कार्यक्रमलाई गैरआवासीय नेपाली संघ हंगकंगको पञ्जिकृत सदस्य बढाउने अभियानका रुपमा समेत प्रयोग गरिएको थियो। एनसिसि हंगकंगका अध्यक्ष यमकुमार गुरुङ्गको सभापतित्वमा भएको कार्यक्रममा गैरआवासीय नेपालीहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

## दोहोरो नागरिकताको विषयमा अन्तरक्रिया कार्यक्रमः




त्यस्तै गैरआवासीय नेपाली संघ युकेले यहि डिसेम्बर ४ मा दोहोरो नागरिकताको सम्बन्धी एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । संविधानसभा ''मौलिक हक तथा निर्देशक सिद्धान्त'' समितिका सभापति विन्दा पाण्डेको प्रमुख अतिथ्यमा उक्त कार्यक्रममा पाण्डेले नेपालको नयाँ संविधान निर्माणको प्रक्रियामा आफ्नो समितिले संविधानसभालाई बुझाएको मस्यौदामा नागरिकता सम्बन्धि व्यवस्था बारे चर्चा गर्नु भएको थियो । उहाँले मस्यौदामा गैरआवासीय नेपालीहरुलाई नेपालमा आवत जावत गर्न, व्यवसाय गर्न र सम्पत्ति राख्न पाउने गरी परिचयपत्रको व्यवस्था गरिन लागेको जानकारी दिनु भयो ।

## एनसिसि कतारको प्रथम परिषद भेला सम्पन्न



११ डिसेम्वरका दिन एनसिसि कतारको प्रथम परिषद भेला २० बुँदे घोषणा पत्रका साथ सम्पन्न भएको छ । चौथो गैरआवासीय नेपाली विश्व सम्मेलन को मुख्य नारा "शान्त र समृद्ध नेपाल – हाम्रो साझा सपना" लाई सार्थक बनाउन एनसिसि कतार प्रतिवद्ध रहनुका साथै यसको कार्यान्वयनमा सक्रिय रहने घोषणा पत्रमा बताइएको छ । एनसिसि कतारका महासचिव विलवहादुर गुरुङ्गले कार्य प्रतिवेदन प्रस्तत गर्न भएको थियो ।

## एनसिसि डेनमार्कका प्रतिनिधिहरुको प्रधानमन्त्रीसंग भेट



एनसिसि अध्यक्ष सोमनाथ सापकोटाको नेतृत्वको एक टोलीले डेनमार्कको कोपनहेगनमा विश्व जलवायु परिवर्तन सम्बन्धी शिर्ष सम्मेलनमा भागलिन आउनु भएका सम्मानीय प्रधानमन्त्रीज्यू लगायत अरु विभिन्न मन्त्रीहरु लगायत अन्य विशिष्ट व्यक्तिहरुसंग भेटघाट गरेको थियो । उक्त भेटमा गैरआवासीय नेपालीहरुले उठाउदै आएका विषयहरुमा छलफल गरिएको थियो ।

## अन्तर्राष्ट्रिय समन्वय परिषदको टेली वैठक सम्पन्न

गैरआवासिय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद (एनआरएन आईसिसि) अध्यक्ष देवमान हिराचनको अध्यक्षतामा १३ र २० डिसेम्बर २००९ मा सम्पन्न भएको छ । टेली कन्फ्रेन्सको माध्यमबाट भएको उक्त वैठकको संचालन महासचिव रतन झाले गर्नु भएको थियो । निवर्तमान अध्यक्ष डा. उपेन्द्र महोतोलाई प्रमुख संरक्षकमा रहनको लागी गरेको अनुरोधलाई डा. महतोले स्वीकार गर्नु भएकोमा वैठकले उहाँको निर्णयको स्वागत गर्‍यो ।

त्यस्तै वैठकले कुल चन्द्र गौतम (अमेरिका, नेपाल) , डा. सूर्य सुवेदी (बेलायत) , सारदा जंग थापा (अमेरिका) , बिश्व कान्त मैनाली (नेपाल) , इन्द्र वन (अस्ट्रेलिया) , डा. देव काजि डंगोल (कतार) र डा. जुगल भूर्तेल (रुस) लाई संघको सल्लाहकारमा रहनकालागी अनुरोध गर्ने निर्णय गर्‍यो ।

त्यस्तै वैठकले आशिष शेरचन (कतार), यास्मिन बेगम (साउदी अरब), सोनम लामा (अमेरिका), राधा बस्न्यात (क्यानाडा), डा. कृष्ण हमाल (अस्ट्रेलिया), राजु शाक्य (अस्ट्रेलिया), सापिला राजभण्डारी (रुस), डा. हेम राज शर्मा (बेलायत)

र डा. देबी बस्नेत (कोरिया), जे.एन. ज्ञवाली (हंगकंग) लाई मनोनित सदस्यका रुपमा मनोनयन गरेको छ । वैठकले युवा संयोजकमा भवानी ओली (अस्ट्रेलिया) र उपसंयोजकमा पुकार मल्ल (अमेरिका) लाई मनोनयन गर्ने निर्णय भएको छ ।

त्यस्तै वैठकले दोहोरो नागरिकता, अन्तर्राष्ट्रिय संस्थामा नेपालीहरुको प्रवर्द्धन, गैरआवासिय नेपाली संघको दर्ता र गैरआवासीय नेपाली सम्बन्धि ऐन संशोधन, एनआरएन कल्याणकारी परियोजना, बैदेशिक रोजगारी, संघको संस्थागत विकास, नेपाल प्रवर्द्धन, एनआरएनएको दिगोपना, सूचना तथा संचार, ज्ञान, सीप, प्रविधि विकास एवं हस्तान्तरण र विदेशमा नेपाली उत्पादन प्रवर्द्धन कार्यदल गठन गर्ने र ति कार्यदलको संयोजकमा क्रमशः राम प्रताप थापा, भिम उदास, देबमान हिराचन, जीवा लामिछाने, सागर नेपाल, रतन झा, तेन्जि शेर्पा, रामेश्वर शाह, डा. कुमार बस्नेत, डा. राजु अधिकारी, डा. बद्री केसि लाई तोक्ने निर्णय गरेको छ।

त्यस्तै बैठकले गणेश इजम (एशिया प्रशान्त संयोजक), भवानी ओली र डा. हेमराज शर्मा रहनु भएको विधान संम्बन्धी समिति पनि गठन गर्ने निर्णय गरेको छ । त्यस्तै बैठकले "चौथो गैरआवासिय नेपाली क्षेत्रिय सम्मेलन" २८-३० मइ २०१० मा अमेरिकाको, टेक्सास राज्यको ह्युस्टनमा सम्पन्न गर्ने निर्णय गरेको छ र उक्त सम्मेलनको संयोजकमा महासचिव रतन झालाई तोकेको छ ।

वैठकले चौथो विश्व सम्मेलनमा स्थापना गरिएको "एनआरएनए अक्षय कोष" र अन्य आर्थिक पक्षलाई व्यवस्थापन गर्न जिम्मा कोषाध्यक्षलाई दिने निर्णय गरेको छ ।

जलवायु परिवर्तन संबन्धी सम्मेलनको शिर्ष पूर्व सन्ध्यामा हिमाल बचाउ आरोही अभियान अन्तरगत भएको  र्‍यालीमा उपाध्यक्ष जीवा लामिछानेको नेतृत्वमा गैरआवासीय नेपाली संघले सफलतापूर्क सहभागी भएकोमा बैठकले सहभागिहरुलाई धन्यबाद दिएको छ ।

साथै बैठकले यस कार्यक्रममा सहभागी हुन नेपाल सरकारले गैरआवासीय संघलाई औपचारिक निमन्त्रणा दिएकोमा नेपाल सरकारलाई धन्यवाद दिएको छ । त्यस्तै वैठकले ईकोनोमि प्रस्प्यारिटी फर नेपाल आइसिसि सदस्य राम बाबु नेपालको संयोजकत्वमा अन्तिम रुप दिन एक समूह गठन गर्ने निर्णय गरेको छ ।त्यस्तै वैठकले आगामी ३१ तारिखका दिन सबै राष्ट्रिय समन्वय परिषदहरुलाई सम्बन्धित नेपाली दुतावासमा दोहोरो नागरिकताको मागपत्र प्रस्तुत गर्न आह्वान गर्ने निर्णय समेत गरेको छ ।




गैरआवासीय नेपाली संघले नयाँ वर्ष २०१० को अवसर पारेर आफ्नो नियमित समाचारको प्रकाशन सुरु गरेको छ । यस प्रकाशनलाई हाल तिन महिनामा एक पटक नेपाली भाषामा विद्युतिय माध्यम द्वारा प्रकाशित गरिने छ । आगामी दिनमा यसको संख्या र भाषा विस्तार गरिनुका साथै अन्य माध्यममा पनि विस्तार गर्ने हाम्रो योजना छ । यस अवसरमा यो समाचारमा काम गर्ने संघका प्रवक्ता डा. कुमार बस्नेत लगायत सबैलाई धन्यवाद दिदैंछु ।

साथै नयाँ वर्ष २०१० को शुभ अवसरमा समस्त गैरआवासीय नेपालीहरुको सुस्वास्थ्य, सुःख एवं समृद्धिको कामना गर्दछु । साथै नयाँ वर्षले नेपालमा दीगो शान्ती ल्याओस र नेपाल द्रुत प्रगती तर्फ अघि बढोस यही हाम्रो कामना छ ।

देवमान हिराचन#
अध्यक्ष#
गैरआवासीय नेपाली संघ#

Non-Resident Nepali Association (NRNA) Secretariat
FNCCI Building ,Pachali Shahid Shukra FNCCI Milan Marg, Teku,
PO Box 269, Kathmandu, Nepal.
Tel: (+977-1) 4215247/4262061, Fax: (+977-1) 4215247
Email: nrn@nrn.org.np, URL: http://www.nrn.org.np